# Get **more** out of Libraries

## पीपुल्स नेटवर्कमा तपाईंको स्वागत छ

हैम्पशायरको सबै पुस्तकालयहरूमा कम्प्यूटरहरू (पीपुल्स नेटवर्क) छन्। यसले गर्दा तपाईले यहाँ इण्टरनेट र माइक्रोसफ्ट आफिस सफ्टवेअर चलाउन सित्तैमा पाउनुहुन्छ। सबै पुस्तकालयहरूमा स्क्यानरको पनि व्यवस्था छ। साथै कम्तीमा एउटा अतिरिक्त खुबी भएको कम्प्यूटर सबै पुस्तकालयहरूमा छ जसले गर्दा असक्षम व्यक्तिहरूलाई मद्दत पुग्छ। कम्प्यूटर त सित्तैमा प्रयोग गर्न पाइन्छ। तर कागज प्रिण्ट गर्न वा छपाउन र गरेको कामलाई सेभ गर्नको लागी सीडी किन्न पैसा तिर्नुपर्छ।

- **यदि तपाईसँग पुस्तकालयको लाइब्रेरी कार्ड संख्या र पिन नम्बर छ भने** तपाईले उपलब्ध कम्प्यूटर मध्ये कुनै पनि कम्प्यूटर चलाउन तुरुन्तै पाउनुहुन्छ। यदि तपाईलाई आफ्नो पिन नम्बर थाहा छैन भने पुस्तकालयको स्टाफको कुनै सदस्यलाई सो पिन सोध्नुहोला।
- **यदि तपाईसँग लाइब्रेरी कार्ड छैन भने** कम्प्यूटर कसरी प्रयोग गर्न पाउने बारेमा स्टाफको जुनसुकै सदस्यलाई सोध्नुहोस्।

सबै कम्प्यूटर प्रयोगकर्ताहरूले हाम्रो कुनै कम्प्यूटरमा लग अन गर्नुभन्दा अगावै हाम्रा शर्तहरू मान्नुपर्ने हुन्छ।

**तपाईले एक दिनमा एउटा सत्रसम्म मात्र कम्प्यूटरलाई प्रयोग गर्न सक्नुहुन्छ,** यदि त्यो उपलब्ध छ भने। पुस्तकालयको स्टाफलाई सोधेर तपाईले अरू सत्रमा पनि कम्प्यूटर चलाउन पाउन सक्नुहुनेछ। सत्रको लम्बाई कम्प्यूटर कम्प्यूटर अनुसार फरक फरक हुन्छ।

**यदि तपाईसँग लाइब्रेरी कार्ड छ भने तपाईले ७ दिनसम्म कुनै एक सत्रलाई कुनै एक कम्प्यूटर** पहिल्यै सुरक्षित गराउन पाउनुहुनेछ। तपाईले पुस्तकालयको कम्प्यूटर प्रयोग गर्दा इण्टरनेटमा अनलाइन अथवा स्टाफको कुनै सदस्यलाई भनेर सो बुकिङ् वा सत्र सुरक्षित गराउन पाउनुहुनेछ। सत्र सुरक्षित गराउनको निम्ति तपाईसँग लाइब्रेरी कार्ड संख्या हुनुपर्ने हुन्छ। ठूल-ठूला पुस्तकालयहरूमा पर्खेर बसी राखेका मानिसहरूको लागी पालै पालो गरेर उपलब्ध कम्प्यूटरलाई प्रयोग गर्ने प्रणाली हुन्छ।

तपाईले कम्प्यूटरबाट फुल कलरमा **प्रिण्ट गर्न पाउनुहुनेछ। तपाईले सीडी रोम** अथवा यू एस बी उपकरण **मा सेभ गर्न पाउनुहुनेछ।** सबै पुस्तकालयहरूले सीडी रोमहरूको बिक्री गर्छन्। तपाईले फ्लपीमा केही पनि सेभ गर्न पाउनुहुन्न।

६ देखि १५ उमेर समूहका **बाबु नानी र किशोर किशोरीहरू** ले निजका बाबु-आमा वा संरक्षकद्वारा अनुमति-पत्र फारम सही गरेपछि कम्प्यूटरहरू प्रयोग गर्न पाउनेछन्। ८ वर्षभन्दा मुनिका बाल बालिकाहरूले बुवा-आमा अथवा १६ वर्ष नाघेका अभिभावकसँग बसेरमात्र कम्प्यूटर प्रयोग गर्न पाउनेछन्।

कम्प्यूटर र स्टाफबाट तपाईले मूलतः कसरी मद्दत पाउनुहुन्छ, यस सम्बन्धमा अँग्रेजी भाषामा **अरु बढी सहायता उपलब्ध छ।** बेक्टा वेबसाइटमा अनेकौं भाषामा साधारण कम्प्यूटर शब्दहरू उपलब्ध छन् :

http://schools.becta.org.uk/index.php?section=iu&catcode=_is_el_cl_re_04&rid=9877

**कम्प्यूटरहरूमा लग अन कसरी गरिन्छ**

शुरु गर्नुको लागी OK मा क्लिक गर्नुहोस्
प्रयोग का नियमहरूमा सहमत हुनुहुन्छ भने OK मा क्लिक गर्नुहोस्
लग इन स्क्रीनमा :

- आफ्नो लाइब्रेरी कार्ड संख्या ( B जोडेर ) वा पहिलो बाकसमा अतिथि खाता संख्या टाइप गर्नुहोस्।
- दोस्रो बाकसमा आफ्नो पासवर्ड टाइप गर्नुहोस्। यदि तपाईसँग लाइब्रेरी कार्ड छ भने तपाईले आफ्नो पिन नम्बर पासवर्डको सट्टा प्रयोग गर्नुहोस्।

**पुस्तकालयलाई ज्वाइन गर्न र किताबहरू लान सित्तैमा पाइन्छ। यस सम्बन्धमा जानकारीको लागी स्टाफको कुनै सदस्यलाई सोध्नुहोस्।** अलिकति पैसा तिरेर डीभीडी, सीडी र प्लेस्टेशन गेमहरू उपलब्ध छन्। अस्थायी टिकट महँगो हुन्छ। अनेकौं भाषामा सूचना यहाँ उपलब्ध छ : http://www.multikulti.org.uk/en/education/welcome-to-your-library/